नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

(आन्तरिक व्यवस्थापन शाखा)

visit Nepal 2020

**पत्र संख्या :- ०७६/०७७**
**चलानी .नः** 860

मितिः- २०७६/०६/३०

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै।
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)।

विषयः- परिपत्र।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको प.स.सम्पत्ती ०७६/७७ च.नं. १७, मिति २०७६/०६/१४ को प्राप्त पत्रको छाँयाप्रति यसै साथ संलग्न छ, । सोही पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसारको व्यवस्था गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

(जगत प्रसाद मुसाल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः website मा Upload गरिदिनु हुन।

६८ आ-०२१
६।२८

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

४२५०
२०७६।०६।२४

पत्र संख्या: सम्पत्ति।२०७६।७७
चलानी नं. ९८

मिति:२०७६।०६।१४

बिषय : परिपत्र ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहंदरबार काठमाडौं ।

प्रस्तुत विषयमा संघीय सरकार प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरुको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरु (खर्च भएर जाने/चालु सम्पत्ति तथा खर्च भएर नजाने/स्थिर वा पूँजिगत सम्पत्ति) को व्यवस्थापन र उपयोगलाई प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसिल

१. महालेखा परीक्षकको कार्यालयबाट मिति २०७६।०२।१९ गते स्वीकृत भई आ. ब. २०७६।०७७ बाट नयाँ मलेप. फारमहरु लागु भएको सन्दर्भमा जिन्सी मौज्दातको बार्षिक विवरण (मलेप.फारम नम्बर ४१३) धेरै जसो सरकारी कार्यालयहरुले तयार गरी राख्ने नगरेको अनुगमन तथा निरीक्षण गर्दा देखिन आएको हुनाले उक्त फारम अध्यावधिक गरी राख्न लगाउनु हुन !

२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४) बमोजिम कार्यालयमा मौज्दातमा रहेका मालसामान मध्ये पुरानो मालसामानको मूल्य कारणबश खुल्न नसकेको अवस्थामा कार्यालय प्रमुखको अध्यक्षतामा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको प्राविधिक कर्मचारी भएको समितिले त्यस्तो मालसामानको अवस्था र प्रचलित बजार मूल्य समेत विचार गरी मूल्य कायम गराई राख्नु पर्नेछ ।भनि उल्लेख भईरहेकोले सबै सरकारी कार्यालयहरुले कार्यालयको जिन्सी निरीक्षण गर्दा जिन्सी निरीक्षण फारम (मलेप.फारम नम्बर ४११) मा मूल्य नखुलेका मालसामानको अनिवार्य रुपमा मूल्य कायम गराई जिन्सी मौज्दातको वार्षिक विवरण (मलेप.फारम नम्बर ४१३) तयार गरी राख्न लगाउनु हुन ।

(पदम प्रसाद पौडेल)
लेखा अधिकृत


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np